आज मिति २०७९।१०।०५ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको आ.व. २०७९।८० को १० औ (९७ औं) बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको बैठक कक्षमा वस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्तावहरु**

१) पूर्व निर्णयहरुको समीक्षा सम्वन्धमा ।
२) अनुगमन समितिको प्रतिवेदन सम्वन्धमा ।
३) कार्यापालिकाको प्रवक्ता, सूचना अधिकारी तथा गुनासो अधिकारी तोक्ने सम्वन्धमा ।
४) जाँचपास तथा फरफारक गरी रकम भुक्तानी दिने सम्वन्धमा ।
५) सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका विषयवस्तुहरुको जानकारी सम्वन्धमा ।
६) स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याँकनवाट प्राप्त नतिजा अनुमोदन सम्वन्धमा ।
७) औद्योगिक ग्राम सम्वन्धमा ।
८) मध्यमकालिन खर्च संरचना कार्यशाला गोष्ठी सम्वन्धमा ।
९) महादेव भैरवी कन्स्ट्रक्शन प्रा.लि.ठामसारी गर्ने सम्वन्धमा ।
१०) संघ र प्रदेश समन्वय तथा सहजीकरण समिति गठन सम्वन्धमा ।
११) गाउँपालिकाको लागि निशुल्क जग्गा माग अनुरोध सम्वन्धमा ।
१२) कार्यविधिहरु स्वीकृती तथा संशोधन सम्वन्धमा ।
१३) विविध ।

**निर्णयहरु**

**निर्णय नं. १**

चालु आर्थिक वर्ष २०७९।८० को पौष १८ गते सम्पन्न कार्यपालिकाको (९ औ तथा ९६ औ) बैठकवाट भए गरेका निर्णयहरु र निर्णय कार्यान्वयनको अवस्थाका सम्वन्धमा आजको यस बैठकमा समीक्षा भयो । सो सम्वन्धमा अधिकाँश निर्णयहरु कार्यान्वयन भई सकेको र केही निर्णयहरु कार्यान्वय चरणमा रहेको जानकारी भयो । साथै कार्यान्वयनमा नआएका कार्यक्रमहरु तत्काल कार्यान्वयन गर्न कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

अनुगमन समिति मार्फत चालु आ.व. २०७९।८० को लागि स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत सञ्चालन भई निर्माणाधिन अवस्थामा रहेका तथा सम्पन्न भएका योजनाहरुको पौष महिनामा अनुगमन गरी समितिका संयोजक मार्फत पेश हुन आएको अनुगमन प्रतिवेदन आजको यस बैठकमा प्रस्तुत भई जानकारी भयो । सो सम्वन्धमा अनुगमन कार्यलाई थप प्रभावकारी वनाई योजना तथा कार्यक्रम गुणस्तरीय रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने र वडास्तरीय अनुगमन समितिलाई थप सक्रिय गराई समितिको निर्णय सहित योजना तथा कार्यक्रम भुक्तानीको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर आजको यस बैठकमा छलफल हुदाँ यस गण्डकी गाउँपालिकाको कार्यापालिकाको प्रवक्ताका रुपमा कार्यपालिका सदस्य श्री सिताराम विश्वकर्मालाई तोक्ने र गाउँपालिकाको तर्फवाट सञ्चार माध्यमहरुमा उपलब्ध गराउनु पर्ने सूचना तथा विषयहरु प्रवक्ता मार्फत उपलब्ध गराउने व्यवस्था मिलाउने र कार्यालयको सूचनाको हक अन्तर्गत उपलब्ध गराउनु पर्ने सूचनाहरु एवं सञ्चारमाध्यमहरु मार्फत प्रवाह गर्नु पर्ने सूचनाहरु प्रवाह गर्ने गरी सूचना अधिकारीको रुपमा गाउँपालिका कार्यालयका सूचना तथा प्रविधि अधिकृत श्री सुजन रेग्मीलाई तोक्ने साथै गण्डकी गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि २०७७ को परिच्छेद २ को खण्ड ४.२ बमोजिम गुनासो सुन्ने अधिकारी (नोडल पर्सन) को रुपमा शिक्षा अधिकृत(सातौ) श्री सुदिप पन्थलाई तोकी सोही वमोजिम आवश्यक व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेको प्रावधान वमोजिम गाउँपालिका भित्र सञ्चालन भई सम्पन्न भएका योजनाहरुको जाँचपास तथा फरफारक गरी रकम भुक्तानी दिने सम्वन्धमा आजको यस बैठकमा छलफल हुदाँ गाउँपालिकास्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समिति मार्फत सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरुको जाँचपास तथा फरफारक गरी रकम भुक्तानी दिने निर्णय गरियो । साथै गाउँपालिकाको जटिल भौगोलिक अवस्था, उपभोक्ता समिति तथा निर्माण व्यवसायीको भुक्तानीमा हुन जाने ढिलाई एवं कार्यलयको कार्यसम्पादनको अवस्था समेतलाई मध्येनजर गर्दै अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानीको लागि पेश हुन आएका

योजना तथा कार्यक्रमहरुको सम्वन्धित उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई रकम भुक्तानी दिने र अनुमोदनका लागि कार्यपालिकाको नियमित मासिक बैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) वडा नं. १ स्थित लाकुरीछाप पहिरो नियन्त्रण रु. | १०००००।०० |
| २) वडा नं १ स्थित वलेनीधारा लाकुरीछाप पैदलमार्ग रु. | १५०००००।०० |
| ३) वडा नं  २ पातिश्वाँरा होमस्टे गोल घर निर्माण रु. | १५०००००।०० |
| ४) वडा नं. ३ स्थित गैरावारी वटुकी स्कुल ठुलो पधेरा बाटो स्तरोन्नती रु. | ४०००००।०० |
| ५) वडा नं. ३ स्थित पुण्यगाउँ साउनेपानी हटिया सिढि वाटो निर्माण रु. | ५०००००।०० |
| ६) वडा नं. ३ स्थित मोटर वाटो सरसफाई   रु. | ८०००००।०० |
| ७) वडा नं. ३ स्थित विर्ताको धारा देखि महिला भवनसम्म सिडि वाटो रु. | २०००००।०० |
| ८) वडा नं. ३ स्थित अकला देवी मन्दिर कम्पाउण्ड निर्माण रु. | २०००००।०० |
| ९) वडा नं. ६ स्थित डाँडागाउँ सिडि निर्माण रु | १०००००।०० |
| १०) वडा नं. ६ स्थित थुम्का प्रावि रेलिङ्ग निर्माण रु. | १०००००।०० |
| ११) वडा नं. ५ स्थित राईथोक सामुदायिक भवन निर्माण रु. | २५०००००।०० |
| १२) वडा नं. २ स्थित याङ्गदी सिढि वाटो मर्मत योजना रु. | ६०००००।०० |
| १३) वडा नं. ५ स्थित स्मरण युवा क्लव भवन निर्माण रु. | ५०००००।०० |

साथै, तपसिल वमोजिमका योजनाहरुमा सम्वन्धित उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई कार्यालयवाट भएको भुक्तानी अनुमोदन गरियो ।

| | |
|---|---|
| १) गण्डकी गाउँपालिका वडा नं ६ वालकी स्थित बालकी सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण रु. | ६९८७६९।२६ |
| २) गण्डकी गा.पा. वडा नं. ६ स्थित  भद्रकाली मा.वि. कार्यकम स्टेज निर्माण रु | ३०००००।०० |
| ३) गण्डकी गाउँपालिका वडा नं. ६ स्थित थुम्का सडक निर्माण रु | ७०००००।०० |
| ४) वडा नं. ८ वाटो सरसफाई रु. | ३०००००।०० |
| ५) वडा नं. ८ वेनीगाउँ महिला समूह भवन निर्माण रु. | ५०००००।०० |
| ६) वडा नं. ७ चर्च महिला समूह भवन निर्माण रु | ३०००००।०० |
| ७) वडा नं. ८ फुडौरी कुलो तेर्सेवाटो ढलान रु. | १००००००।०० |
| ८) वडा नं. ७ एकलडिहि धवाडी वाटो स्तरोन्नती रु. | २०००००।०० |
| ९) वडा नं. ७ सामुदायिक भवन देखि पौडेलगाउँ वाटो स्तरोन्नती रु | ५०००००।०० |
| १०) वडा नं. ७ राम्जे मोटरवाटो मर्मत रु | ३०००००।०० |
| ११) वडा नं. ७ शिव नि.मा.वि.     फर्निचर आ.वि. रु | २५०००००।०० |
| १२) वडा नं.६ चिसोपानी सिडि निर्माण रु. | ३०००००।०० |
| १३) वडा नं. ६ गैरीगाउँ देखि पालेवन सिडि निर्माण रु. | २०००००।०० |
| १४) वडा नं. ६ भुम्लीचोक युवा क्लव रु | १५००००।० |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर आजको यस बैठकमा छलफल हुदाँ गण्डकी गाउँपालिकाको आयोजनामा मिति २०७९।०९।२९ गते गाउँपालिकाको सभाहल तोमनडाँडामा आयोजित सार्वजनिक सुनुवाई तथा प्रथम चौमासिक खर्च सार्वजनिकिकरण कार्यकम सम्पन्न प्रतिवेदन आजको यस बैठकमा पेश भई जानकारी भयो । सो सम्वन्धमा, सार्वजनिक सुनुवाई कार्यकममा सेवा प्रदायक संस्था गाउँपालिका र अन्तर्गत वडा कार्यालयहरुवाट सेवाग्राही जनतामा सेवा, सुविधा र वस्तु प्रवाहसँग सम्वन्धित रही सेवाग्राहीहरुवाट उठाइएका सवाल एवं जनगुनासोहरुका सम्वन्धमा यस बैठकको गभिर ध्यानाकर्षण भयो । उक्त सुनुवाई कार्यकममा सेवाग्राहीहरुवाट सेवा प्रवाहसँग सम्वन्धित भई औल्याइएका विषयवस्तुहरुलाई दृष्टिगत गर्दै सेवा प्रदायक संस्थावाट गरिने सेवा, सुविधा र बस्तु प्रवाहलाइ सम्वद्ध सवै पक्षसँग आवश्यक समन्वय गरी आगामी दिनहरुमा थप प्रभावकारीरुपमा गाउँपालिका कार्यालय वाहिर वडातहमा समेत गर्ने गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ६**

गण्डकी गाउँपालिकाबाट गत आ.व. २०७८।०७९ सम्पादन गरिएका विकास निर्माण लगायत सेवा, सुविधा र वस्तु प्रवाहका सम्बन्धमा तोकिएका सूचकहरु सो को मापनका आधारमा स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याँकन गरी सो को विवरण जिल्ला समन्वय समितिमा पेश गरिएकोमा पूर्ण अंक १०० मा ६३.५ प्रतिशत अंक प्राप्त भएको जिल्ला समन्वय समिति गोरखाबाट प्राप्त हुन आएको नतिजा सहितको प्रतिवेदन आजको यस बैठकमा प्रस्तुत भई जानकारी भयो । सो सम्बन्धमा स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याँकन बापत प्राप्त भएको ६३.५ अंक सहितको प्रतिवेदन अनुमोदन गर्दै सो विवरण गाउँपालिकाको वेबसाईट मार्फत सार्वजनिक गर्ने र आगामी दिनमा थप उपलब्धी हासिल गर्ने गरी सबै विषयगत शाखाहरुबाट समन्वयात्मक ढंगबाट कार्यसम्पादन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ७**

नेपाल सरकारको एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना सम्बन्धी नीतिगत व्यवस्था रहेको सम्बन्धमा आजको यस बैठकमा जानकारी भयो । सो सम्बन्धमा यस अघि गाउँ कार्यपालिकाबाट निर्णय भएको गण्डकी गाउँपालिका वडा नं. १ मकैसिं स्थित रातमाटे क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा पूर्वाधार लगायत आवश्यक व्यवस्थापन प्रकिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ र १७ एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको व्यवस्था बमोजिम स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य व्यवस्था गरेको विषय आजको यस बैठकमा छलफल भयो । सो सम्बन्धमा यस गण्डकी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना तयार गरी कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०७९।१०।२७ गते एक वृहत कार्यशाला गोष्ठीको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

पोखरा लेखनाथ ८ काश्कीमा निर्माण व्यवसायी इजाजत पत्र दर्ता कायम भएको महादेव भैरवी कन्स्ट्रक्शन प्रा.लि.ले गण्डकी गाउँपालिकामा ठामसारी गरी गण्डकी गाउँपालिका वडा नं. ६ ठेगाना दर्ता कायम गराई पाउँ भनि पेश गर्नु भएको निवेदन आजको यस बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा उक्त प्रा.लि.बाट रजिष्ट्रार कम्पनीको कार्यालय एवं उद्योग कार्यालयबाट समेत ठेगाना संशोधन गरी सिफारिस सहित पेश हुन आएकोले पेश भएका कागजातका आधारमा गण्डकी गाउँपालिका वडा नं. ६ ठेगाना कायम गरी इजाजत दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० उपर आजको यस बैठकमा छलफल हुदाँ संघ र प्रदेश सरकारबाट सञ्चालन भई रहेका तथा आगामी दिनहरुमा सञ्चालन हुने योजना तथा कार्यक्रमहरु कार्यान्वयन, समन्वय तथा सहजीकरणका लागि गाउँपालिकास्तरमा गाउँपालिका अध्यक्ष श्री ~~ललिता अधिकारीको~~ [दिपक तिमिल्सिना] संयोजकत्वमा तपसिल बमोजिम सदस्यहरु रहेको एक संघीय तथा प्रदेशस्तरीय कार्यक्रम कार्यान्वियन, समन्वय तथा सहजीकरण समिति गठन गर्ने र गाउँपालिका क्षेत्रभित्र संघ तथा प्रदेश सरकारबाट सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको अभिलेख राखी नियमित अनुगमन, समन्वय तथा सहजीकरण गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना | –सयोजक |
| २) गाउँपालिका उपाध्यक्ष श्री ललिता अधिकारी | –सदस्य |
| ३) पूर्वाधार विकास समिति संयोजक श्री तुलसी रेग्मी | –सदस्य |
| ४) कार्यापालिका सदस्य श्री लक्ष्मी श्रेष्ठ | –सदस्य |
| ५) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | –सदस्य |

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ मा उल्लेखित गाउँपालिकाको लागि नि:शुल्क जग्गा माग अनुरोध गर्ने सम्बन्धी प्रस्ताव उपर आजको यस बैठकमा छलफल हुदाँ चालु आ.व. २०७९।८० को स्वीकृत कार्यक्रम अनुसार वडा नं. ६ को क्षेत्रभित्र शहिद स्मृति पार्क निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन हुन नसकेको हुदाँ उक्त शहिद स्मृति पार्क निर्माण गर्नका लागि आवश्यक पर्ने जग्गा नि:शुल्क रुपमा उपलब्ध गराउन तथा एघारौ गाउँसभाको निर्णयानुसार हाल गाउँपालिकाको सेवाकेन्द्रको रुपमा कार्यालय सञ्चालनमा रहेको तोमनडाँडा आसपास सडक क्षेत्रमा गाउँपालिकाको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा नि:शुल्क रुपमा उपलब्ध गराउन चाहने ईच्छुक जग्गादाताहरुको तर्फबाट एक हप्ता भित्र जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको काम कारवाहीलाई थप सहज, सरल र छिटोछरितो कार्यसम्पादनका लागि ऐन कानूनको परिधिभित्र रही आवश्यक कार्यविधिहरु तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**१३) विविध ।**

१३.१) गण्डकी गाउँपालिका वडा नं. ६ ओखलडाँडामा गाउँपालिकाको नाममा दर्ता कायम भई आएको जग्गा व्यवस्थापन गर्ने सम्वन्धमा सम्वन्धित जग्गाधनी लगायत सरोकारवालाहरुसँग आवश्यक छलफलका लागि तपसिल वमोजिम सदस्य रहेको एक समिति गठन गर्ने र उक्त समितिले मिति २०७९।१०।१५ गतेका दिन सो सम्वन्धमा आवश्यक छलफल एवं परामर्श गर्ने निर्णय गरियो

**तपसिल**

१) गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना (साकार)
२) गण्डकी गाउँपालिका उपाध्यक्ष श्री ललिता अधिकारी
३) वडा नं. ६ वडा अध्यक्ष श्री तुल वहादुर गुरुङ्ग
४) वडा नं. ४ वडा अध्यक्ष श्री राजुवावु भण्डारी

१३.२) गण्डकी गाउँपालिका वडा नं. ५ मा रहेको भगवतीकोट मन्दिर निर्माणका लागि रु. ८०००००।०० (आठ लाख) शसर्त तर्फको वजेट प्राप्त भएकोमा त्रुटीवस गण्डकी गाउँपालिका वडा नं. ४ कायम हुन गएकोले वडा नं. ५ कायम गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

१३.३) यस गण्डकी गाउँपालिका क्षेत्रभित्र यस अघि कायम भई हाल संचालनमा नरहेका सामुदायिक स्वास्थ्य ईकाई पून: सञ्चालन गरी व्यवस्थापन गर्ने सम्वन्धमा संगठन सरंचना तथा व्यवस्थापन (O and M) गरी सोही संगठन संरचना तथा व्यवस्थापनले सिफारिस गरे बमोजिम आवश्यक प्रकिया अघि वढाउने निर्णय गरियो ।

१३.४) चालु आ.व. २०७९।८० मा सडकवोर्ड नेपाल र गण्डकी गाउँपालिकाको ७५/२५ प्रतिशत साझेदारी अनुदानमा रकमवाट कार्यान्वयन गर्ने गरी तपसिल वमोजिम योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

१) गण्डकी गा.पा. वडा नं. २ /१ दलभन्ज्याङ्ग वुटार सडक मर्मत रु. ५०००००।००
२) गण्डकी गा.पा. वडा नं. ३ भालडाँडा याङ्दी सडक मर्मत रु. ५०००००।००
३) गण्डकी गा.पा. वडा नं. ६ देविथान मुनीको वालकी पहिरो नियन्त्रण रु. ५०००००।००
४) गण्डकी गा.पा. वडा नं. ५ सानो दर्वुङ्ग तोलक सडक मर्मत रु. ५०००००।००

१३.५) आगामी फाल्गुण १ गते जनयुद्ध दिवसको अवसरमा विभिन्न विधामा उत्कृष्टता हासिल गरेका व्यक्तिहरुलाई पुरुस्कृत समेत गरी विभिन्न कार्यक्रम संचालन गर्ने गरी तपसिल वमोजिम सदस्य रहेको एक छनौट तथा कार्यक्रम व्यवस्थापन समिति गठन गर्ने र उक्त समितिले सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमको रुपरेखा सहित आर्थिक प्रस्तावना समेत तयार गरी पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

१) गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना(साकार)
२) गण्डकी गाउँपालिका उपाध्यक्ष श्री ललिता अधिकारी
३) गण्डकी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री रिजेश उपरकोटी
४) कार्यपालिका सदस्य श्री कुन्तीमाया प्रजा
५) शिक्षा अधिकृत श्री सुदिप पन्थ

१३.६) गण्डकी गाउँपालिकाको लोगो डिजाईन गरी पेश गर्ने मध्ये एक नम्वर छनौटमा पर्ने उत्कृष्ट डिजाइनरलाई पारिश्रमिक स्वरुप रु ३००००।०० ( तीस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

१३.७) आगामी माघ १४ गते देखि १६ गतेसम्म आयोजना गरिने गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशील्ड प्रतियोगितालाई भव्य , सभ्य एवं गरिमामयढंगवाट सम्पन्न गर्न सवै पक्षवाट आवश्यक समन्वय र सहयोग गर्ने निर्णय गरियो ।

१३.८) गाउँपालिका भित्रका सबै वडामा कार्यरत वडा सचिवहरुलाई प्राविधिक तथा वडा सचिवहरुको प्रोत्साहन भत्ता कार्यविधि बमोजिम दिइदै आएको प्रोत्साहन भत्ता २० प्रतिशतवाट वृद्धि गरी ३० प्रतिशत भत्ता रकम माघ १ गते देखि लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

१३.९) गण्डकी गाउँपालिकाका वडा नं. १ मकैसिं प्रार्थमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृत (आठौं) डा.श्री राजु [illegible]लाई प्रोत्साहन स्वरुप मासिक रुपमा हाल खाइपाइ आएको तलव स्केलको ५० प्रतिशत भत्ता मकैसिं प्रार्थमिक स्वास्थ्य केन्द्र मकैसिंमा हाजिर भएको दिन देखिनै लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७९/१०/०२